खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

# नदिजन्य पदार्थको बिक्रिका लागि बढाबढ बोलपत्र आहान सम्बन्धी सूचना!!!

**तेस्रो पटक सूचना प्रकाशन मितिः २०८०/०६/१८**

खाँडादेवी गाउँपालिकाको सार्बजनिक खरिद नियमावली २०७६ को परिच्छेद-१२ को १३८ (झ) मा ब्यबस्था भए अनुसार खाँडादेवी गाउँपालिकाको २०८०/०६/१४ गते बसेको राजश्व परामर्श समितिको निर्णय बमोजिम पुन:तेस्रो पटक सार्वजनिक बढाबढको सूचना आह्वान गरि आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत तामाकोशी तथा सुनकोशी नदिहरुको स्वीकृत घाटहरुबाट पूर्व-निर्धारित दुइ प्याकेजमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी खाँडादेवी गाउँपालिकाले तोकिएको दरमा बिक्री गर्ने गरि आर्थिक वर्ष २०८०/०८१ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | ठेक्काको विवरण | कुल जम्मा न्युनतम वर्षिक ठेक्का अंक रु. (मु.अ.क. बाहेक) | बोलपत्र फारम दस्तुर रु. | संकलन तथा निकासीको परिमाण (घ.फि.) | शुल्क प्रति घन फिट (मु. अ.क. बाहेक) |
|---|---|---|---|---|---|---|
| १.०० | KRM/NCB/REVENUE/01/2080/81 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials (Stone, Gravel, Aggregate and Sand) of Sunkoshi River in Khandadevi Rural Municipality | ६३,३५,९५४.२४।– | ३,०००.००।- | ७,०३,९९४.९१७ | रु.९।- |
| २.०० | KRM/NCB/REVENUE/02/2080/81 | Internal Revenue Collection of Extraction, Collection and Sales of River Bed Materials (Stone, Gravel, Aggregate and Sand) of Tamakoshi River in Khandadevi Rural Municipality | ५२,८३,२८३.५४।- | ३,०००.००।- | ५,८७,०३१.५०५ | रु.९।- |

१. सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी www.bolpatra.gov.np बाट कार्यालय समयमा खरिद गर्न सकिनेछ।

२. बोलपत्रको साथ बोलपत्र जमानत बराबरको रकम यस कार्यालयको लक्ष्मी बैक लि. मा रहेको धरौटी खाता नं. ०८५०३०००१९० मा जम्मा गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बोलपत्र जमानत (bid security ) संलग्न राखी बोलपत्र फारमका साथ बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यावसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ताको प्रमाणपत्र, बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको लक्ष्मी बैक लि. रहेको आन्तरीक राजस्व खाता नं. ०८५०३००००२६ मा जम्मा गरेको भौचर (रकम फिर्ता नहुने) समेत समावेश गर्नुपनेछ। खरिद भएको बोलपत्र स्पष्ट सँग भरी यो सुचना प्रकाशित भएको मितिले ८ औँ दिन दिनको १२:०० बजेभित्र **www.bolpatra.gov.np** बाट कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ। संशोधन पेश गर्न चाहेमा ८ औं दिनको १२:०० बजे भित्र संशोधन पेश गर्नुपर्नेछ।

३. रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे विभिन्न कार्यालयको प्रतिनिधि एवं बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा बोलपत्रदाताको प्रतिनिधी उपस्थित नभएतापनि बोलपत्र खोल्ने काममा बाधा पर्ने छैन।

४. रित नपुगि म्याद नाघि तथा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।

५. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस खाँडादेवी गाउँपालिकामा सुरक्षित रहेनछ। दर्ता हुन आएका बोलपत्रहरु मध्ये स्वीकृत बोलपत्रलाई सम्झौता गर्न आउन भनी सूचना दिईनेछ। सम्झौता भए पश्चात नियमानुसार कार्यादेश लिई कार्य संचालन गर्नुपर्नेछ।

६. पहिलो किस्ता रकम ५०% कायम गरिने र अन्य दुइ किस्ता २५% का दरले बिभाजन गरिनेछ। पहिलो किस्ता रकम सम्झौता अगाडी नै जम्मा गर्नुपर्नेछ, दोस्रो किस्ता रकम माघको पहिलो साता र तेस्रो किस्ताको रकम चैत्रको दोस्रो हप्ता भित्र यस कार्यालयमा बुझाउनुपर्नेछ। पहिलो किस्ता बाहेक बाँकि रकम बराबरको ठेक्का अबधि भन्दा एक महिना पछी सम्म म्याद भएको यस गाउँपालिकाको नाममा जारी भएको मान्यता प्राप्त बैंक ग्यारेन्टी सम्झौता भए बखत पेश गर्नु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक्का अंक उल्लेख गर्नुपर्नेछ। प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर दस्तुर ठेकेदार आफैले बुझाउनु पर्ने छ। मूल्य अभिवृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मू.अ. कर रकम किस्ता भुक्तानी संगै अग्रिम रुपमा बुझाउनुपर्नेछ।

८. कर / शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नुपर्नेछ। नगदि रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ।

९. गाउँपलिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखी कर / शुल्क असुल गर्नु पर्नेछ। सवारी आवागमनलाई असर पर्ने गरी घाट राख्न पाईने छैन। बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता भएको प्रमाणपत्र पेश गरेपछि मात्र फिर्ता दिईनेछ।

१०. यस ठेक्का उपर कुनै किसिमको विवाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ।

११. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। सम्पर्क नं. ९८६००७५५२५, ९८५४०४३७४०, ९८५२८४९४४९।

१२. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१३. बोलपत्र खरिदको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा उक्त कार्यहरु बिदा सके लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ।

१४. यस ठेक्काको सम्झौता अवधि सम्झौता भएको मिति देखि २०८१ जेठ मसान्तसम्म कायम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत
नारायण लामिछाने

Phone:- 9854023600 Website:- khandadevimun.gov.np Email :-khandadevimun@gmail.com